
# लेखापरीक्षण प्रतिवेदन

# सिवालय गाउँपालिका, जाजरकोट

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# सिवालय गाउँपालिका, जाजरकोट

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि

(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य

(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता

(CORE VALUES)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/481

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
शिवालय गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
जाजरकोट।

## कैफियतसहितको राय

हामीले शिवालय गाउँपालिका, जाजरकोटको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी हरू समावेश भएको एकीकृत वित्तीय विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरण ले नेपाल सार्वजनिक क्षेत्र लेखामान नगदमा आधारित र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेस गरेको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त

भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. ५ करोड ७२ लाख १२ हजार र अन्य रु. १ करोड ८९ लाख ९५ हजार समेत गरी रु.७ करोड ६२ लाख ७ हजार समावेश गरेको छैन।

२. पालिकाको रु. १ अर्ब १७ करोड २८ लाख ९५ हजार लेखापरीक्षण गरिएकोमा रु. ३ करोड ५० लाख ७६ हजार बेरुजु देखिएको छ। सो सम्बन्धमा रु. १५ लाख ३५ हजारको प्रतिक्रियाबाट फर्स्यौट भई बाँकी बेरुजु रु. ३ करोड ३५ लाख ४१ हजार मध्ये असुल गर्नुपर्ने रू. ३५ लाख ९५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड २० लाख ५८ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ३६ लाख ८० हजार र पेश्की बेरुजु रु. ४२ लाख ८ हजार रहेको छ। गत वर्षसम्म रु. २५ करोड ७५ लाख ५२ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.२९ करोड १० लाख ९३ हजार रहेको छ।पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३.पालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटीका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटी पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटीका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।



( राम प्रकाश महतो )

नायब महालेखापरीक्षक

चालु आर्थिक वर्षको बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५२ | ११३ | ३,५०,७६,३०० | ० | ६ | १५,३५,५८० | ० | ५२ | १०७ | ३,३५,४०,७२० | ३५,९४,६३८ | १,३६,७९,५९१ | १,२०,५८,३४१ | ० | ० | २,५७,३७,९३२ | ४२,०८,१५० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| जाजरकोट | २५,७५,५२,००० | ० | ० | २५,७५,५२,००० | ० | ३,३५,४०,७२० | २९,१०,९२,७२० |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ४३ | सामाजिक सुरक्षा भत्ता | १०,९९,३६३ |
| २ | २०८०/८१ | २१ | घटी दाखिलाः | ६४,७१९ |
| ३ | २०८०/८१ | ६३ | ऐन विपरितको सेवा सुविधाः | ३,७१,४९८ |
| जम्मा | | | | १५,३५,५८० |

# (८०६६६५०४३०० - सिवालय गाउँपालिका, जाजरकोट )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** संघ, प्रदेश एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाइ प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु नगरपालिकाको मुख्य उद्देश्य छ ।अन्य उदेश्यहरु १ आय वृद्धि र उपभोग व्यवस्थापनबाट सबै क्षेत्रमा बचत गर्ने क्षमतामा अभिवृद्धि गर्नु । २ ज्येष्ठ नागरिकहरुको सम्मानजनक जीवनयापनका लागि आवश्यक सेवा सुविधा विस्तार गर्नु, ३ ज्येष्ठ नागरिकप्रति परिवार, समुदाय र राज्यको दायित्वबोध गराउनु । ४ स्थानीय स्वायत्त शासन तथा सहभागितामूलक पद्धतिका माध्यमबाट जनतालाई आधारभूत सेवा सुविधा उपलव्ध गराउनु ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।५।१२ देखि २०८१ ।५।१५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको रु. १ अर्व १७ लाख २८ लाख ९५ हजार लेखापरीक्षण गरिएको छ।सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

**(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ५७२११८१० र अन्य रु. १८९९५६४४ समेत गरी रु ७६२०७४५४ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

४ **फरक हिसाब**

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्ति रु. २१९७६१५१५.४८, यस वर्षको भुक्तानी रु १६०७४३४४८र फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन म ले प फा नं २७० | १५९०८११९.८१ | ३९१४९९७९०.३१ | ३५७७८०३९२ | ३३७१९३९८.३१ |
| एकीकृत आर्थिक विवरणअनुसार | १५९०८११९.८१ | ६११२६१३०५.७९ | ५१८५२३८४० | ३३७१९३९८.३१ |
| फरक | ० | २१९७६१५१५.४८ | १६०७४३४४८ | ० |

५ **बैङ्क हिसाब विवरण**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण निम्नानुसार रहेको छ।

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. |
|---|---|---|
| स्थानीय तहसञ्चित कोष खाता | ३३७१९३९८.३१ | ३३७१९३९८.३१ |
| चालु खर्चखाता | ० | ० |
| पुँजीगत खर्चखाता | ० | ० |
| विविधखर्च खाता | ८६०९०२६.४८ | ८६०९०२६.४८ |
| विपद व्यवस्थापन खाता | १५१६४९२ | १५१६४९२ |
| धरौटी खाता | ८७८३७६७ | ८७८३७६७ |
| जम्मा | ५२६२८६८३.७९ | ५२६२८६८३.७९ |

६ **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छनः

•स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।

•पालिकाले २०८०।८१ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसूची २११ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

•पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति विवरण तयार गरेको पाईएन।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रविधिको प्रयोग गरी सबै कारोबार बैंकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन। स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वियनमा आउन सकेको छैन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा गाँउपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालिन विकास योजना तयार गरी कार्यान्वियनमा ल्याएको पाइएन।

•स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

•दीगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

•पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी केही सामान वडा पालिका तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो भने वडालाइ आवश्यक पर्ने खर्च भएर जाने सामान वडाले नै खरिद गर्ने र आम्दानी वडाले नै बाँध्ने गरेकोले गाउँपालिकाको मुल जिन्सी खातामा उक्त सामान चढाएको देखिएन।

•जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।

•कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन।

•स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मुल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोकेको पाइएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७(२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली बनाएको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भु-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा भवन निर्माण गर्न स्बीकृति दिन सक्ने व्यवस्था भएकोमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागु गरेको देखिएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन गरेको समितिहरु उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार दर्ता गरेको पाइएन।

•प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति खुलाउनुपर्नेमा खुलाएको पाइएन।

•लागत अनुमान र मूल्याङ्कन फरक फरक हुनुपर्नेमा एउटै भएकोले वास्तविक काम कति भन्ने सम्बन्धमा स्पष्ट नभएको।

•सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।

•निजामती सेवा ऐन, २०४९ दफा ५(क) बमोजिम कर्मचारीहरुको कार्य विवरण बनाई लागु गर्नुपर्नेमा गरेको पाईएन।

•आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५८ (४) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्नेमा ढिला दाखिला गर्ने गरेको पाइयो।

•विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद व्यवस्थापन समिति तथा प्रदेश व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेश गरेको देखिएन।

•बातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसुची बमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिचाई, सडक स्तरोन्नती लगायतका कार्यमा बातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ बमोजिम रु. ५ लाख सम्म

जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा गराएको अभिलेख राखेको देखिएन।

•सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सो अनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रबाहको अभिलेख व्यबस्थापन नगरेको,

•सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजानिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्बोधन गर्नुपर्ने उल्लेख भएकोमा सोको पालना नभएको,

पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

७ **आन्तरिक लेखापरीक्षण -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर गाँउपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन ।यस सम्वन्धमा छलफल गर्दा २०८० भाद्रमा नियुक्ती भइ आएका आन्तरिक लेखापरीक्षक २०८० चैत्र १२ गते नयाँ पदमा नियुक्ति भई गएको र आन्तरिक लेखापरीक्षण पद रिक्त भएकोले आन्तरिक लेखापरीक्षण नगराएको जनाएको छ।कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

८ **जिन्सी निरीक्षण -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।पालिकाले २०८१।५।५ मा कार्यालय अन्तर्गतका विभिन्न शाखा वडा कार्यालय स्वास्थ्य संस्था र कार्यालय अन्तर्गतका पदाधिकारी आवासमा भएका जिन्सी सामानहरु निरीक्षण गरी प्रतिवेदन पेश गर्न ३ सदस्यिय समिति गठन गरेको भएता पनि प्रतिवेदन पेश हुन आएन।जिन्सी निरीक्षण फारममा विभिन्न सामान मर्मत गर्नुपर्ने उल्लेख भएकोमा मर्मत गरेको पाइएन यस सम्वन्धमा छलफल गर्दा मोटरसाइकल मर्मत नहुने अवस्थामा रहेको र खरिद गरेको १० वर्ष नभइ लिलाम गर्न नमिल्ने भएकोले मर्मत र लिलाम हुन नसकेको कार्यालयको भनाई छ।

९ **बजेट तथा कार्यक्रम तर्जुमा :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१० **बजेट पेश, पारित र अख्तियारी –**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।३।१० मा रु. ४७ करोड ५९ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।३० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

११ **बजेट अवण्डा –**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु ८४ लाख ३१ हजार समपुरक कोषको नाममा अबण्डा बजेट व्यवस्था गरी ३३ वटा योजनामा रु. ८१ लाख १२ हजार खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

१२ **रकमान्तर -**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन २०७६ को दफा २० तोकिएको कुनै एक अनुदान सङ्केत अन्तर्गतको बजेट उपशिर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएको कुनै एक वा एकभन्दा बढी अनुदान सङ्केत अन्तर्गतको उपशिर्षकमा बचत रकम मध्येबाट रकमान्तर गर्ने व्यवस्था रहेको छ । त्यस्तै स्थानिय सरकार संचालन ऐनको दफा ७९ मा स्थानीय निकायले रकमान्तर गर्दा कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशत नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था रहेको छ । त्यस्तै स्थानिय तहमा वजेट तर्जुमा, कार्यान्वियन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को नियम ३.१ मा पूँजिगत खर्चको रुपमा विनियोजित भएको रकम चालु खर्चमा रकमान्तर नगर्ने उल्लेख गरेको छ । यस वर्ष पालिकाले शिर्षकगत रुपमा एकमुष्ट रु. २०४४७६० पूँजीगतमा नै रकमान्तर गरेको छ । कानुनमा भएको व्यवस्थाको पालना गरी मात्र रकमान्तर गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

१३ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | बार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिकविकास | ३६०७०००० | ११०९०७३७ | २.५४ |
| सामाजिकक्षेत्र | २१९७५५००० | १९६०२३९५४ | ४४.८६ |
| पूर्वाधारविकासक्षेत्र | ११६९०४११९.८१ | ६२१०७७७७ | १४.२१ |
| वातावरण तथा विपद्व्यवस्थापन | २४१०००००० | ८८५५७९२४ | २०.२७ |
| संस्थागत विकास र सेवा प्रवाह | | | |
| वित्तीय व्यवस्थापन र सुशासन | | | |
| कार्यसञ्चालनतथाप्रशासनिकखर्च | ७९१४००७६ | ७९१४००७६ | १८.११ |
| जम्मा | ४७५९६९१९५.८१ | ३५७७८०३९२ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा ४४.८६ प्रतिशत र आर्थिक विकास क्षेत्रमा सबै भन्दा घटी २.५४ प्रतिशत रहेको छ ।

१४ **त्रैमासिक खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने पालिकाले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| क्र.स. | बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथमत्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथोत्रैमासिक | असार महिना |
| १ | चालु खर्चतर्फ | ३०७५३५०७६ | ५६२१३७१५ | ३६५०२७२६ | ७४३०८६७६ | २२२१८८७१ | ८११४२६२३ |
| २ | पूँजिगत खर्चतर्फ | १६८४३४११९.८१ | ७७९६९५० | १०३९८३७ | २४५२०८१७ | १०७२५७५२ | ३३९५१८९० |
| | जम्मा | ४७५९६९१९५.८१ | ६४०१०६६५ | ४६९०१०९८ | ९८८२९४९३ | ३२९४४६२३ | ११५०९४५१३ |
| | प्रतिशत | ७५.१६ | १३.४४ | ९.८५ | २०.७६ | ५५.९५ | २४.१८ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु ४७५९६९१९५.८१ निकासा भएकोमा प्रथम त्रैमासिकमा रु ६४०१०६६५.०० (१३.४४ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. ४६९०१०९८.०० (१०.७५ प्रतिशत) तेस्रो त्रैमासिकमा रु. ९८८२९४९३.००० (२०.७६ प्रतिशत) र चौथो त्रैमासिकमा रु ३२९४४६२३.०० (५५.९५ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ११५०९४५१३.०० (२४.१८ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## १५ योजना प्राथमिकीकरण -

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ९ वडाको लागि कुल ५६ योजनामा वजेट विनियोजन गरेको छ।

| रु १ लाख सम्म | रु १ लाख देखि २लाख सम्म | रु २ लाख देखि ५लाख सम्म | रु ५ लाख देखि १०लाख सम्म | रु १० लाख भन्दामाथी | जम्मा |
|---|---|---|---|---|---|
| ६ | १ | ५ | १६ | २८ | ५६ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ।तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

## १६ लक्ष्य प्रगति :

पालिकाले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । पालिकाले पेश गरेको विवरण अनुसार योजनाको प्रगति स्थिति देहाय वमोजिम रहेको पाइयो।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगती | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | ५६ | ४ | १ | २ | ४९ |

उल्लेखित विवरण अनुसार कुल ५६ योजना मध्ये ४ वटा योजनामा ० प्रतिशत, एउटा योजनामा २५ प्रतिशत प्रगति, २ वटा योजनामा ५० प्रतिशत र बाँकी ४९ वटा योजनामा ७५ प्रतिशत प्रगति भएको पाइयो।अधिकांश योजनाको प्रगति ७५ प्रतिशत भन्दा वढी भएको विवरण पेश हुन आएको छ।लक्ष्य अनुसार वजेट खर्च गरी कार्य प्रगति हासिल गर्ने र निर्धारित ढाँचा अनुसार बार्षिक प्रगति प्रतिवेदन तयार गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

## १७ सेवा प्रवाहः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाँउपालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष तपशिल वमोजिमको सेवा प्रवाह प्रदान गरेको देखिन्छः

| क्र सं | विवरण | जम्मा संख्या |
|---|---|---|
| १ | स्वीकृत घरनक्सा दर्ता पास | ० |
| | पञ्जिकरणतर्फ | |
| २ | जन्मदर्ता | २८१ |
| ३ | मृत्युदर्ता | ५७ |
| ४ | बसाईसराई दर्ता | ६५ |
| ५ | विवाह दर्ता | ८४ |
| ६ | सम्बन्धविच्छेद दर्ता | १ |
| ७ | पूर्वाधार विकास सडक निर्माण | ९ |

## १८ आय अनुमान -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु ३०००००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु १०९७८५६.८९ अर्थात अनुमान भन्दा ६३.४ प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

## १९ आन्तरिक आय -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| १६९९०३५५३ | १०९७८५६.८९ | ०.६५ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.६५ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## २० कर तथा शुल्क असुली -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ३५०००० | ० | ० |
| घरजग्गा वहाल कर | ४५०००० | १०९७०१ | २४.३८ |
| भुमिकर मालपोत | ८००००० | २६१५३५.८९ | ३२.६९ |
| व्यवसाय कर | १५०००० | १०००० | ६.६७ |
| अन्य मनोरञ्जन कर | १००००० | ० | ० |
| अन्य कर | ० | २०९०० | |
| न्यायिक दण्ड जरिवाना र जफत | ५०००० | ० | ० |
| प्रशासनिक दण्ड जरिवाना र जफत | ५०००० | ० | ० |
| अन्य प्रशासनिक सेवा शुल्क | ० | १०५००० | |
| न्यायिक दस्तुर | ५०००० | ० | ० |
| नक्सापास दस्तुर | ७५००० | ० | ० |
| सिफारीस दस्तुर | २५०००० | १६०१३० | ६४ |
| व्यक्तिगत घटना दर्ता दस्तुर | १५०००० | १३७७५० | ९१.८३ |
| नाता प्रमाणित दस्तुर | १२५००० | ४००० | ३.२ |
| अन्य दस्तुर | ० | २९४९० | |
| अन्य राजश्व | ४००००० | ७९१७० | १९.७९ |
| यातायात क्षेत्रको आम्दानी | ० | १४५१८० | |
| औद्योगिक निकायबाट लाभांस | ० | ३५००० | |
| जम्मा | ३०००००० | १०९७८५६.८९ | ३६.६० |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

## २१ घटी दाखिलाः

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २८ (१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी हकमा सोही दिन वा त्यसको भोलिपल्ट यथा स्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ। त्यस्तै उपदफा २ अनुसार आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा १० प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारवाही समेत गर्न लगाउन सक्ने व्यवस्था छ। पालिकाका सबै वडा तर्फ असुली भएको राजश्व सोही दिन वा भोलिपल्ट दाखिला गरेको पाइएन।अतः दाखिला भएको रकमको १० प्रतिशत असुली गरी घटी दाखिला गरेकोले बाँकी असुली गर्नुपर्ने रकम र त्यसको १० प्रतिशत रकम समेत देहाय अनुसार असुल गरी विभागीय कारबाही समेत गर्नुपर्ने रु

| सिनं | वडा | वडा सचिवको नाम | रसिदअनुसार असुली | घटी दाखिला | १०% जरिवाना सहितको असूल गर्नुपर्ने रकम |
|---|---|---|---|---|---|
| १ | ४ | श्री केशर बहादुर शाही र लिलन रेग्मी | ७३७१५ | २९३१७ | ४८८३७.८ |
| २ | ५ | श्री भुषण ध्वज हमाल र मानबहादुर बस्नेत | १३०८८४ | ० | १४३९७२.७४ |
| जम्मा | | | २०४५९९ | २९३१७ | १९२८१०.५४ |

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२९** को निर्णयले रू **३३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२९** को निर्णयले रू **२,०२४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२९** को निर्णयले रू **२९,६९४.५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,९२,८१०.५४ |

२२ **सवारी करः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ। सम्वन्धित निकायसँग समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभावकारी बनाउने तर्फ ध्यान जानु पर्दछ।

२३ **मनोरञ्जन करः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको शूल्कमा कर लिनुपर्ने व्यवस्था छ। आर्थिक वर्ष २०८०।८१ मा पालिकाको मनोरञ्जन कर राजस्व असुली शुन्य देखियो। यस पालीकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ।

२४ **वार्षिक खरिद योजना/गुरुयोजना :**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १६८४३४११९.८१ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

२५ **खर्च बिश्लेषणः**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु १०९७८५६.८९ राजस्व बाँडफाँड र अनुदानबाट रु ५८५७८४१८६.३४ समेत रु ५८६८८२०४३.२३ आम्दानी भएकोमा चालु तर्फ रु २७०३८६६११ र पूँजिगत तर्फ रु ८७३९३७८१ र वित्तीय ब्यबस्था तर्फ रु २१९७६१५१४.६९ समेत रु ५७७५४१९०६.६९ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.१९ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुबिधामा रु ७१२६५०० खर्च भएको छ जुन आन्तरिक आयको ६४९.१३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त

भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४६.८२ प्रतिशत चालु, ३८.०५ प्रतिशत वित्तिय व्यवस्था र १५.१३ प्रतिशतमात्र पूँजिगत निर्माण र मा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

२६ **तलवी प्रतिवेदन** -

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य, पशु, कृषि र पालिकाका कर्मचारी समेतको रु. ३३०६१६७७ खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने साथै लेखारीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२७ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १५ जना पदपूर्ती भएको देखिन्छ भने ४ पद रिक्त देखिन्छ, वडा कार्यालयतर्फ ९ वटा वडामा १९ स्वीकृत दरवन्दी रहेकोमा १७ पद पदपूर्ति भइ वडा सचिव सहित २ स्थायी पद रिक्त रहेको पाइयो।कृषि तथा पशुतर्फ ५ स्वीकृत दरवन्दी रहेकोमा ४ पद पदपूर्ति भइ १ पद रिक्त रहेको छ भने स्वास्थ्यतर्फ १८ स्वीकृत दरवन्दी रहेकोमा १८ वटै पदमा पदपूर्ति भएको देखियो। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

२८ **कानून र सञ्चालन स्थिति** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ९ वटा ऐन, ३ वटा नियमावली २५ कार्यविधि, ३ निर्देशिका मापदण्ड लगायत ४० वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । अन्य आवश्यक ऐनहरु निर्माण गरी भएका कानुनहरु कार्यान्वियन हुनुपर्दछ ।

२९ **न्यायिक समिति** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ ।तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ६ र यो वर्ष थप भएक १० गरी कुल १६ विवाद दर्ता भएकोमा १२ वटा फर्स्योट भई ४ बाँकी देखिन्छ ।न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

३० **सहकारी नियमन-**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २२ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका २२ मध्ये १६ वटा सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार

गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

३१ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

३२ **फोहरमैला व्यवस्थापन** –

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

३३ **प्रधानमन्त्री रोजगार कार्यक्रम -**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । कार्यक्रम सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ९ वडामा १७ योजना सञ्चालन गरी यस वर्ष ७२ जनालाई औसत १०० दिनको रोजगारी उपलब्ध गराई रु. ५४३९२१६ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

३४ **स्यानिटरी प्याड**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ।पालिकाले ग्रिन सर्जिकल ल्यावबाट खरिद गरी रु रु. ३१६७९५ भुक्तानी गरको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

३५ **कन्टिन्जेन्सी खर्चः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० (७) को अनुसूची १ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने र लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफको खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी वापत थप गर्ने व्यवस्था रहेको छ।कार्यलयले यस वर्ष कन्टिन्जेन्सी वापत रु २६ लाख ४४ हजार खर्च गरेको छ।यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार छ

महालेखा नियन्त्रक कार्यालयले २०७४ सालमा जारी गरेको आर्थिक संकेत तथा वर्गीकरण सम्बन्धी पुस्तिकाको खर्च संकेत तथा वर्गीकरण अनुसार विभिन्न खर्च संकेत नम्बरबाट खर्च लेखांकन गर्नुपर्ने रकमहरू जस्तै मर्मत संभार, स्टेशनरी छपाई, , इन्धन, दैनिक

भत्ता जस्ता कार्यमा रु २६ लाख ४४ हजार समेत सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको देखिएको छ।

कन्टिन्जेन्सी रकमवाट, विविध, कार्यालय मालसामान, इन्धन लगायतका चालू खर्च शीर्षकका खर्चहरू समेतलाई पुँजीगत बजेट शीर्षक तर्फ समावेश गरी खर्च गरेकोले सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई अन्य सानातिना खर्च छुट्याएर मात्र कन्टिन्जेन्सी रकम खर्च भएको एकिन गर्ने विवरण समेत तयार गर्नुपर्दछ ।

३६ **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता** -

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०८० का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका शिक्षक नियुक्ति गरी समानीकरण अनुदानबाट १०४२१९०० तलब भत्ता भुक्तानी गरेको छ।

३७ **खाना तथा विविध खर्च** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । यसैगरी खर्च लेख्दा आवश्यकतामा र औचित्यका आधारमा आवश्यक प्रमाण कागजात सहित मितव्ययी तवरले गर्नुपर्दछ तर पालिकाले यो वर्ष निम्न बमोजिम खर्च लेखेको पाइयो।

| सि नं | खर्च तर्फ | बार्षिक खर्च रकम |
|---|---|---|
| **१** | विविध खर्च | २३९९०१४ |
| **२** | आर्थिक सहायता | १७२८५०० |
| **३** | वैठक भत्ता | ६४०८६५ |
| **जम्मा** | | ४७६८३७९ |

•निश्चित उद्येश्य सहित विशेष परिस्थितिमा मात्र कानूनद्धारा गठित समितिको वैठकमा मात्र वैठक खर्च लेख्न पाइने व्यवस्था विपरित कार्यालयका पदाधिकारी कर्मचारीहरुलाई कार्यालयकै नियमित कार्य सम्बन्धमा भएका बैठकको भत्ता भुक्तानी दिएको पाइयो।

•विविध खर्चको प्रयोजन नखुलेको आवश्यकता आंकलन नगरी खर्च गरेको तथा प्यान विल राखि एउटै पार्टीबाट पटक पटक गरी सिमा भन्दा बढी खरिद गरी भुक्तानी गरेको पाइयो। यस्ता खर्चहरुमा नियन्त्रण हुनुपर्दछ।

३८ **पदाधिकारी सुविधाः**

कर्णाली प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्वन्धी ऐन,२०७७ अनुसार पदाधिकारी तथा सदस्यले अनुसूची बमोजिमको रकम नबढ्ने र दोहोरो नपर्ने गरी सुविधा पाउने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा जम्मा रु. ७१२६५०० पदाधिकारी सुविधामा भुक्तानी गरेको छ।पालिकाले विभिन्न योजना तथा कार्यक्रम संचालन गर्दा पदाधिकारीलाई कानूनमा तोकेको भन्दा वढी र फरक पर्ने गरी सुविधा नदिनेतर्फ ध्यान दिनुपर्दछ।

३९ **अनुदानको अनुगमन** -

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले कृषि, पशु तर्फ रु. ३३ लाख ४९ हजार अनुदान खर्च लेखेको छ । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धी मापन गरेको छैन । पालिकाले स्थानीय अनुदान नीति तय गरी उत्पादन एवं उपलब्धिका आधारमा अनुदान वितरण गरी वितरित अनुदानको अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश

तथा स्थानीय तहबाट वितरित अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

४० **भ्रमण खर्च** -

कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि पालिकाले तोकेको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले यसवर्ष अनुगमन तथा भ्रमणमा रु. ११०७३६२ खर्च गरेको छ । पालिकाको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन नखुलेको, पालिकाकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको भ्रमण प्रतिवेदन पेश नगरेकोले दोहोरो भ्रमण खर्च दावी हुन सक्ने हुँदा तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा नियन्त्रण गर्नेतर्फ ध्यान जानुपर्दछ ।

४१ **औषधि खरिद** -

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, व्याच नं, उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना वाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ। यसवर्ष पालिकाले विभिन्न फर्मसँग रु. २०९९८४० को औषधि खरिद गरेको देखिन्छ। आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन। अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।पालिका मातहत हस्तान्तरण गरी पठाएका औषधिहरुको सदुपयोग सम्वन्धमा अनुगमन गरी प्रतिवेदन तयार गरेको देखिएन।

४२ **पेश्की बाँकीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ (३) मा कार्यालयले प्रचलित कानून अनुसार दिएको पेश्की म्याद नाघेको र ननाघेको छुट्टाछुट्टै अभिलेख राख्ने तथा उपनियम ४ मा लेखापरीक्षण गर्ने निकायले फर्स्यौट हुन बाँकी पेश्की रकमलाई अन्तिम लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्नेपर्ने व्यवस्था गरेको छ। पालिकाले म्याद कायम रहेको देहाय बमोजिमका निर्माण व्यवसायीलाई दिएको पेश्की फर्स्यौट हुन बाँकी रहेको विवरण पेश गरेकोमा समयमै पेश्की फर्स्यौट गर्नतर्फ ध्यान दिनुपर्दछ। पालिकाले आर्थिक वर्षको अन्त्यसम्म फछ्यौट नभई बाँको रहेको निम्नानुसार निर्माण व्यवसायी व्यक्ति संस्था तथा उपभोक्ता समितिहरुको नाममा रहेको पेश्की रकम नियमानुसार असुल फर्स्यौट गर्नुपर्ने रु.

| गो. भौ।मिति | पेश्की विवरण।उभोक्ता समितिको नाम | म्याद ननाघेको | म्याद नाघेको |
|---|---|---|---|
| २०८०/०९/२५ | दिप सुन्दर हिमालय जे भी | | ९६५००० |
| २०८०/१०/२५ | दिप सुन्दर हिमालय जे भी | | ७१४००० |
| २०८०/६/१२ | बालुवा खोला, बडाखेत झो.पु., ढ़ीगालेझो पु उपभोक्ता समिति | ६५६८६२ | |
| २०८०/९/१२ | भिस्थापा वडाकाँडा सडक निर्माण उ स | | २४००७५० |
| २०८१/१/२५ | वुरुसे खोला रोकायाजाँत खानेपानी तथा सरसफाई उपभोक्ता समिति | ८७५००० | |
| २०८१/१/३० | माथिल्लो वडाखेत झोलुङ्गेपुल निर्माण उपभोक्ता समिति | ६६३००० | |
| २०८१/३/४ | खानेपानी तथा सरसफाई समन्वय समिति | | १२८४०० |
| जम्मा | | २१९४८६२ | ४२०८१५० |

| | |
|---|---|
| पेश्की | ४२,०८,१५० |

## ४३ सामाजिक सुरक्षा भत्ता

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **१,०९९,३६३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

## ४४ सार्वजनिक सुनुवाई

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३४ बमोजिम स्थानीय तह तथा वडा समितिले भत्ता सम्बन्धी विषयमा सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासो तथा सुझावमध्ये स्थानीय तहले आफुले सक्ने कुरा सम्बोधन गरी स्थानीय तहबाट सम्बोधन हुन नसक्ने गुनासो तथा सुझाव सम्बन्धका लागि स्थानीय तह, प्रदेश सरकार वा नेपाल सरकारको सम्बन्धित निकायमा पठाउनु पर्ने व्यवस्था भएकोमा सो बमोजिम सार्वजनिक सुनुवाई भएको देखिएन।

## ४५ पारदर्शिता र जवाफदेहिता

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ बमोजिम स्थानीय तहले लाग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया सम्बन्धी स्थानीय सामाजिक संघसंस्था तथा गैर सरकारी संस्थाको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र सो सम्बन्धि सूचना स्थानीय एफ.एम. लगायत संचार माध्यमहरुबाट प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामावली स्थानीय तहले आफ्नो वेभसाईटमा राख्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले सो बमोजिम कार्य गरेको देखिएन।

## ४६ संचित कोष फिर्ता

कर्णाली प्रदेशको प्रदेश समपुरक अनुदान व्यवस्थापन कार्यविधि, २०७५ अनुसार प्रदेश सरकारको आयोजना/ कार्यक्रमको कुल लागतको ५० प्रतिशत रकम समपुरक अनुदानको रुपमा प्रदान गर्न सक्ने व्यवस्था वमोजिम ५० प्रतिशत रकम प्रदेश सरकार अनुदान र बाँकी रकम पालिकाको अन्य श्रोतबाट व्यहोर्नुपर्ने देखिन्छ।यसबर्ष गाँउपालिकाले प्रदेश समपुरक अनुदानतर्फ सम्झौता गरी कार्यान्वयन गरेका सम्पन्न हुन बाँकी केही योजनाहरुको निर्माण कार्यको भुक्तानी अवस्था निम्नानुसार रहेको देखिएकोले उक्त कार्य कार्यविधि अनुकूल देखिएन।प्रदेश सरकारको अनुदान व्यवस्थापन कार्यविधि अनुसार खर्च लेखाङ्कन हुनुपर्दछ।पालिकाले देहाय वमोजिमका निर्माण कार्यका लागि पालिका भुक्तानी नगरी प्रदेश समपुरक अनुदानबाट मात्र भुक्तानी गरी पालिकाबाट व्यहोर्नुपर्ने रकम भुक्तानी भएको नदेखिएकोले कार्यविधि बमोजिमको ५० प्रतिशत रकम पालिकाले प्रदेश कोषमा फिर्ता गरेको प्रमाण पेस हुनुपर्ने रु.

| भौचर नं।मिति | ठेक्का नं | योजनाको नाम | सम्झौता रकम | प्रदेश समपूरक बाट भुक्तानी भएको रकम | भुक्तानीको ५० प्रतिशतले हुन आउने पालिकाले व्यहोर्नुपर्ने रकम |
|---|---|---|---|---|---|
| १४।२०८१।३।८ र २१।२०८१।३।२४ | SRM/NCB/WORKS/2081/81-01 | वालुवा वडाकाँडा हुँदै सनिमेला सडक | ६८००४४१ | ४९१५६९० | २४५७८४५ |
| ११।२०८०।१२।६ | SRM/NCB/WORKS/2081/81-03 | ठुला चौर देखि डुग्रा काशेटाकुरा आले सडक | १२७९७२२३ | ३८६८५७८ | १९३४२८९ |
| ४।२०८०।९।२५ र १९।२०८१।३।२४ | SRM/NCB/WORKS/2081/81-02 | चिउदुवा कल्याण हुँदै चिनिकम्द सोयडा सडक निर्माण (१३ प्रतिशत खर्च भएको) | ६०३९८८६ | ५८०९८० | २९०४९० |
| जम्मा | | | | ९३६५२४८ | ४६८२६२४ |

| प्रमाण पेश नगरेको | ४६,८२,६२४ |
|---|---|

४७ **जटिल संरचना निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, सडक, खानेपानी लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मवाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| गो भौ नं।मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | रकम |
|---|---|---|---|
| २।२०८०।९।१५, ४७।२०८१।३।२० | स्वास्थ्य इकाई भवन निर्माण उपभोक्ता समिति | भवन निर्माण वडा नं ३ | २९०९१६९ |
| ४।२०८०।९।२५, २४।२०८०।१२।२५ | वडा कार्यालय भवन निर्माण उपभोक्ता समिति | वडा नं ३ को भवन निर्माण | २०००००० |
| ८।२०८०।१०।२५, ५३।२०८१।३।२१ | स्वास्थ्य इकाई भवन निर्माण उपभोक्ता समिति | वडा नं १ को भवन निर्माण | २०००००० |
| ९।२०८०।१०।२५, ५१।२०८१।३।२० | खड्कदेवि माद्यामिक विद्यालय वडा नं ६ भवन निर्माण समिति | विद्यालय भवन निर्माण | ३९९४९३० |
| ४८।२०८०।१०।२५ | गोठीमारे सरस्वती मा वि सडक निर्माण उपभोक्ता समिति | सडक निर्माण | १४९४४६२ |
| जम्मा | | | १२३९८५६१ |

४८ **शिवालय क्याम्पस भवन निर्माणः**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन निर्देशिकामा स्थानीय तहवाट सम्पादन हुने शैक्षिक क्रियाकलाप अन्तर्गत माध्यमिक बिद्यालय तहसम्म तलव तथा अन्य बिद्यालय गतिविधिसंग सम्बन्धित क्रियाकलापमा खर्च गर्न सक्ने व्यवस्था गरेको छ।पालिकाले प्रदेश समपुरक कोष र पालिकाको सहलगानी रहने गरी आर्थिक वर्ष ०७९।८० मा ठेक्का व्यवस्थापन भई रु.१२७९७२२३ मा सम्झौता भएको र यस वर्ष बजेट प्रदेश समपुरकमा बजेट विनियोजित नभई अन्तिम किस्ता बापतको गाँउपालिका पूँजीगत शिर्षकको भुक्तानी १९।२०८०।१०।२९ बाट रु.२०३८६२८ भुक्तानी दिएको छ।पालिकाले उक्त निर्माण भएको क्याम्पस संचालनका लागी अनुमति लिने कार्यमा समन्वय गरी संचालन गर्नुपर्ने देखिन्छ।

४९ **ठुला चौर देखि डुग्रा काशेटाकुरा आले सडक निर्माण**

ठेक्का नं SRM/NCB/WORKS/2081/81-03 संघीय समपूरक अनुदान सम्वन्धी (तेश्रो संशोधन) कार्यविधि, २०७७ र विशेष अनुदान सम्वन्धी (तेश्रो संशोधन), २०७७ को वुँदा १० मा तोकिएको समयावधिभित्र आयोजना/ कार्यक्रम सम्पन्न हुन नसकेमा त्यस्तो आयोजना तथा कार्यक्रम प्रदेश/स्थानीय तहले आफ्नै श्रोतबाट सम्पन्न गर्नुपर्ने उल्लेख छ।पालिकाले ठुला चौर देखि डुग्रा काशेटाकुरा आले सडक निर्माण २०८०।९।२४ मा शुरु गरी मिति २०८१।३।२० सम्ममा सम्पन्न गर्ने गरी निर्माण व्यवसायी दिप सुन्दर हिलवे जे भीसंग मू. अ.कर र पि.एस. आइटम वाहेक मिति २०८०।९।२४ मा रु ८४६९०५३.६ को कवोल अंकमा सम्झौता गरेको देखियो। हालसम्म भौचर नं ११ २०८०।१२।६, प्रथम रनिङ्ग विलको मात्र रु २१८९५७८ भुक्तानी गरी कार्य सम्पन्न हुन सकेको पाइएन।यस सम्वन्धमा छलफल गर्दा कालिका प्रा वि डुङ्ग्रा देखि कोशेटाकुरा सम्मको २०० मिटर मोटरबाटो खुल्न बाँकी रहेकोले स्थानीय जनताले थप भएको कामको नापी गर्न अवरोध गरी कामको नापजाँच हुन नसक्दा मूल्याङ्कनको काम समेत पुरा नभएको जानकारी पालिकाले गराएको छ।यसरी पालिकाले चालु आर्थिक बर्षमा उक्त काम सम्पन्न गर्न नसक्दा कार्यविधिको व्यवस्था वमोजिम संघीय सरकारबाट अनुदान आउनेमा विस्वस्त हुन सकिने आधार देखिदैन जसका कारणले सो सडक निर्माणको कार्य सम्पन्न गर्न पालिकामाथि थप व्ययभार पर्ने देखिन्छ।

५० **गुणस्तर परीक्षण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९(२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण समेत छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने र नियम ११(१०) मा गुणस्तर परीक्षण गर्ने व्यवस्था छ। उपभोक्ता मार्फत गराएको निर्माण कार्यको लागत

अनुमानमा गुणस्तर परीक्षण आईटम समावेश नगरीएको र उपभोक्ता मार्फत हुने निर्माण कार्यमा प्रयोग भएका निर्माण सामग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण हुने गरेको देखिएन। कार्यालयले उपभोक्ता समिति मार्फत् भएका निर्माण कार्यको गुणस्तर सुनिश्चितत गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने गराउने, कंक्रिटिङ्ग कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट, ग्याबियन तारजालीको ल्याब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । PCC को M15 भन्दा बढीको कार्यमा अनिवार्यरुपमा ल्याव टेस्ट गर्नुपर्नेमा सो गरेको छैन । तसर्थ गुणस्तरको यकिन गर्न सक्ने आधार देखिँदैन । गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चत हुन सक्ने देखिदैन। पालिकाले उपभोक्ताबाट सञ्चालित निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण गुणस्तरीय कार्य भएको सुनिश्चत हुनुपर्दछ ।

५१ **ट्रान्सफर्मर खरिदः**

सार्वजिनक खरिद नियमावलीको नियम १२३ उपनियम १ को खण्ड ख बमोजिम नापजाँच पश्चात नापी कितावमा भएको वास्तविक कार्यसम्पादन परीमाणका आधारमा मात्र खर्च तथा भुक्तानी लेख्न मिल्ने व्यवस्था रहेको छ।पालिकाले भौचर नम्बरबाट ३०।२०८०।११।३० मा वडा न.६ मा ५० के.भि ट्रान्सफर्मर १ थान रु. ५६५००० को खरिद गरिएकोमा लेखापरीक्षण अवधिसम्म जडान तथा नेपाल विद्युत प्राधिकरणलाई हस्तान्तरण समेत भएको नपाइएकोले उक्त ट्रान्सफर्मर जडान भएको तथा विद्युत प्राधिकरणलाई हस्तान्तरण भएको प्रमाण पेस गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,६५,००० |

५२ **पूँजीगत बजेटबाट चालु प्रकृतिका खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन र स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्ने व्यवस्था छ।पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्दछ। नमुना छनौट गरी परीक्षण देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न बिक्रेता,व्यक्ती लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु.७०००००० भुक्तानी दिएको अनियमित देखिएको रु.

| गौ.भौ . मिति | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| २२।२०८०।१०।१२ | शिवालय बजार व्यवस्थापन | बजारको फोहोर व्यवस्थापन खर्च | ३००००० |
| ३१।२०८०।१२।०६ | श्री सरस्वती माध्यमिक विद्यादलय | शिक्षण सिकाई सहजीकरण | ४००००० |
| | **जम्मा** | | ७००००० |

| | |
|---|---|
| अनियमित भएको | ७,००,००० |

५३ **अन्य प्रयोजनमा वितरणः**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ४ मा सार्वजनिक निकायले मालसामान निर्माण कार्य वा सेवा खरिद गर्नुअघि आवश्यकताको विवरण तयार पारी खरिद गर्नुपर्ने व्यवस्था छ।पालिकाले वडा नं ७ का लागि आवश्यक भनी देहायअनुसार सामान गौ.भौ.न ६४/२०८१।३।२२ बाट खरिद गरी टीडी डेकोर हाउस लाई रु. ७८७२७ भुक्तानी गरेकोमा निम्न साम्रगीहरु श्री सरस्वति माध्यमिक विद्यालय शिवालय ४ लाई वितरण गरेको देखियो पालिकाले खरिद आवश्यकताको पहिचान नगरी खरिद गरी विद्यालयलाई सामान वितरण गरेको नियमसम्मत मान्न सकिएन।पालिकाले खरिद आवश्यकताको पहिचान खरिद गरेर मात्र खरिद कार्य गर्नुपर्दछ।

| सामानको नाम | परिमाण | रकम |
|---|---|---|
| सोफासेट | १ | ३८००० |
| चिया हेभि बोस कुर्सी | १ | १८००० |
| पार्टी प्यालेस कुर्चि | २ | ६००० |
| रोष्टम | १ | ८५०० |
| दराज ब्रान्डेड | १ | २८००० |
| दराज सिसाको | १ | २९००० |
| कार्पेट पिस | ५३ | ३९७५० |
| | मू.अ.कर | २१७४३ |
| | जम्मा | १८८९९३ |

५४ **झोलुङ्गे पुल निर्माण**

भौचर नं २६।२०८१।३।१७ र २७।२०८१।३।१७ पालिकाले यस बर्ष २ वटा झोलुङ्गे पुल निर्माण गर्नका लागि Fabrication Parts खरिद वापत जुनकिरी इन्डष्ट्रिजलाई जम्मा रकम रु २०३१३८८ भुक्तानी गरेको देखियो। खरिदको लागि पालिकाले प्रथम पटक मिति २०८०।१०।२४ मा सूचना प्रकाशन गरेकोमा कुनै पनि आपूर्तिकर्ताको प्रस्ताव पेश हुन नआएकोले दोश्रो पटक मिति २०८०।११।१५ मा सूचना प्रकाशन गर्दा ३ वटा आपूर्तिकर्ताको प्रस्ताव पेश भई सवैभन्दा कम कवोल गर्ने जुनकिरी इण्डस्ट्रिजसंग Fabrication Parts खरिद भई ढिकाले झोलुङ्गे पुल उपभोक्ता समिति र वडाखेत झोलुङ्गेपुल निर्माण उपभोक्ता समितिलाई सामाग्री हस्तान्तरण गरेकोमा उपभोक्ता समितिले कार्य सम्पन्न गरेको प्रमाण पेश हुन आएन।कार्यसम्पन्न प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २०,३१,३८८ |

५५ **अन्य कार्यालय खर्चः**

कार्यालयले आफ्नो कार्यक्षेत्र भित्र स्वीकृत कार्यक्रम र बजेट सिमा भित्र रही खर्च गर्नुपर्दछ।यस वर्ष कार्यालयले समान अस्तित्व र छुट्टै बजेट विनियोजन हुने कार्यालयको कार्यको लागि पालिकामा बजेटमै रकम विनियोजन गरी भुक्तानी दिएको छ ।निम्न कार्यालय पालिकाको नियन्त्रणअधिकार क्षेत्र भित्र पनि नपर्ने र सम्बन्धित निकायवाट समेत बजेट विनियोजन हुने भएकोले एउटै कामको लागि २ निकायवाट विनियोजन हुन सक्ने अवस्था समेत रहेकोले यसमा नियन्त्रण हुनुपर्दछ भनी गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा औल्याएकोमा यस वर्ष समेत सुधार भएको पाइएन पालिकाले यसमा नियन्त्रण गर्नुको साथै यसरी खर्च लेखेको रकम नियमसम्मत मान्न नसकिएको रु.

| क्र.स. | भौचर नम्बर मिति | कार्यालय र प्रयोजन | रकम |
|---|---|---|---|
| १ | १६।२०८०।६।२९ | सिमा प्रहरी चौकी व्यवस्थापन सवारी साधन मर्मत | ४५३६० |
| २ | ११७।२०८०।०८।११ | छेडा प्रहरी चौकी ।चौकी व्यवस्थापन खर्च | २६६०० |
| ३ | १३३।२०८०।०८।१४ | थाला प्रहरी चौकी व्यवस्थापन खर्च | ३१०३६ |
| ४ | १५७।२०८०।०९।०२ | सिमा प्रहरी चौकी व्यवस्थापन खर्च | ७६२४ |
| ४ | १५८।२०८०।०९।११ | सिमा प्रहरी चौकी व्यवस्थापन खर्च | ३९९५८ |
| ६ | १८७।२०८०।०९।११ | प्रहरी चौकी छेडाचौर मौलाँ तथा इन्धन खर्च | ४२७१८ |
| ७ | ३२०।२०८०।११।०६ | सिमा प्रहरी चौकी व्यवस्थापन खर्च | २८५२८ |
| ८ | ३६३।२०८०।११।१४ | प्रहरी चौकी थालारैकरलाई इन्धन तथा अन्य खर्च | १५०६० |
| ९ | ४४३।२०८०।१२।०८ | छेडा प्रहरी चौकीको फिल्ड निर्माणमा भएको इन्धन खर्च | २३३८९ |
| १० | ४४५।२०८०।१२।०८ | सिमा प्रहरी चौकी व्यवस्थापन खर्च | १६६५९ |
| ११ | ५३९।२०८१।०२।०२ | थाला प्रहरी चौकीको मोटरसाइकल मर्मत | १६८५० |
| | | जम्मा | २९३७८२ |

| | |
|---|---|
| अनियमित भएको | २,९३,७८२ |

५६ **जुगाथापाचौर स्वास्थ्य चौकी निर्माण**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) अनुसार खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी खरिद गर्न नहुने व्यवस्था छ।साथै कर्णाली प्रदेश विनियोजन विधेयक, २०८० को दफा ५ को उपदफा ७ मा सशर्त, समपुरक र विशेष अनुदानको रकम आर्थिक वर्ष भित्र खर्च नभई बचत भएमा सम्बन्धित स्थानीय तहले कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत आर्थिक वर्ष समाप्त भएको १५ दिन भित्र संघीय संचित कोषमा दाखिला गर्नु पर्ने व्यवस्था रहेको छ।पालिकाले जुगाथापाचौर स्वास्थ्य चौकी भवन निर्माणका लागि ठेक्का नं SRM/NBC/WORKS/2080-81/04 बाट मिति २०८१।३।२० सम्ममा काम सम्पन्न गर्ने गरी निर्माण व्यवसायी किसान विल्डर्ससंग मिति २०८०।९।१६ मा रु ८६७००८० मा सम्झौता गरेको देखिन्छ।उक्त ठेक्काको लागत अनुमान रकम रु १२४५२०६२ रहेकोमा निर्माण कम्पनीसंग ३१.५८ कम रकममा कवोल गरी सम्झौता हुँदा लागत अनुमानबाट वचत रहेको रकमबाट सो स्वास्थ चौकीको घेरावार लगाएको रकम कोटेशनबाट किसान विल्डर्सलाई नै गो भौ नं ३५।२०८१।३।२३ बाट रु ९९६६९२ भुक्तानी भएको पाइयो। पालिकाले प्रतिस्पर्धात्मक प्रक्रियाबाट खर्च गर्नुपर्दछ।

५७ **अधुरो आयोजना**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले २०७८।३।२१ मा सम्झौता भएर कार्य शुरु भएको गाँउपालिका प्रशासनिक भवन निर्माणको कार्य हालसम्म सम्पन्न हुन नसकी अधुरो रहेको पाइयो।सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन।यस सम्बन्धमा पालिकाले जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्नुपर्दछ ।

| ठेक्का नं | निर्माण व्यसायी वा उपभोक्ता समितिको नाम | योजनाको नाम | सम्झौता रकम | सम्झौता मिति | पटक पटक म्याद थप | कैफियत |
|---|---|---|---|---|---|---|
| SRM/NCB/WORKS/Building/2077-078/03 | अमर सिस्ने जे.भी. | शिवालय गाउँपालिका प्रशासकीय भवन | ३७८४८८८२ | २०७८।३।२१ | हालसम्म नभएको | म्याद थपका लागि निवेदन दिएको तर म्याद थप नभएको |

## ५८ १० शैया अस्पताल

५८.१ ठेक्का नं ( SRM / NCB/BRM WORKS / 077/78-04) बाट अस्पताल भवन निर्माण गर्न मिति २०७८।६।१० मा निमार्ण व्यवसायी खड्का निर्माण सेवासँग रु ९२७५६८९६.२९ (मूअकर समेत) को सम्झौता भएकोमा २०७८।७।८ मा शुरु भई २०८०।७।८ मा सम्पन्न गर्नुपर्नेमा उक्त समयावधिमा सम्पन्न हुन नसकि निर्माण व्यवसायीले मिति २०८०।५।२५ गते म्याद थपका लागि निवेदन पेश गरेको आधारमा कार्यालयले २०८०।७।१७ को निर्णयानुसार १ वर्ष म्याद थप गरेको पाइयो।यस वर्ष भौचर नम्बर ६।२०८०।९।२९ बाट रु १६५०२७०९, भौचर नं २।२०८०।६।३० बाट रु १७१४१५९ र गतवर्ष (मूल्य समायोजन रु ६५४१६४५.०८) समेत हालसम्म रु ७२९८५८६८ भुक्तानी भएको छ।अस्पतालको भौतिक प्रगति ८४ प्रतिशत भएको पाइयो।वित्तिय प्रगति कम हुनाको कारण वजेट अभाव रहेको कार्यालयले जनाएको छ।

५८.२ निर्माण व्यवसायी बीच भएको सम्झौताको विशेष शर्त को बुँदा ५७.३ अनुसार निर्माण कार्यको ३० प्रतिशत कार्य भएपछी प्रत्येक रनिङ विलमा ४० प्रतिशतका दरले पेश्की कट्टी गर्नुपर्ने, ८० प्रतिशत सम्झौता अवधिको समाप्ति हुँदा सवै पेश्की रकम कट्टा गरिसक्ने उल्लेख गरेको छ।पेश्की कट्टा नगरेमा सम्झौताको विशेष शर्त ४९.१ अनुसार Prevailing Interest ८ प्रतिशतको दरले असुल गर्नुपर्दछ। पेश्की विवरण अनुसार निर्माण व्यवसायीलाई ९०८७४४२ पेश्की दिएको पाइयो।निर्माण व्यवसायिलाई हालसम्म रु ७२९८५८६८ भुक्तानी भईसकेको भएता पनि सम्झौता अवधि सकिएर म्याद थप हुँदा समेत रु ४०८७४४२ पेश्की कट्टा गर्न बाँकी देखिएको छ।अतः सम्झौताको विशेष शर्त अनुसार सो बाँकी पेश्की रकमको Prevailing Interest ८ प्रतिशत असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,२६,९९५.३६ |

## ५९ करारका कर्मचारीलाई स्थानीय भत्ता तथा मंहगी भत्ताः

सामान्य प्रशासन मन्त्रालयको मिति २०७४ । १।२५ को पत्रबाट २०७४।७५ बाट लागु हुने गरी करार कर्मचारीको सेवा सुविधाको बारेमा गरेको परिपत्रमा उल्लेखित सेवा सुविधा बाहेक अन्य सुविधा दिन नपाउने व्यवस्था उल्लेख छ।साथै अर्थ मन्त्रालयको मिति २०७९/१/२३ कोपत्र अनुसार स्वीकृत दरबन्दीमा कार्यरत करारका र अन्य करारका कर्मचारीलाई मंहगी भत्ता उपलब्ध गराउन नसकिने उल्लेख छ। पालिकाले देहायका करार कर्मचारीलाई विभिन्न शिर्षकबाट स्थानीय र मंहगी भत्ता भुक्तानी गरेको देखिएकोले नियम विपरीत भुक्तानी दिएको भत्ता असुल गर्नुपर्ने रु

| कर्मचारीको नाम र पद | वार्षिक भुक्तानी भएको मंहगी भत्ता | वार्षिक रुपमा भुक्तानी सहितको स्थानीय भत्ता | कर कट्टी गरी भुक्तानी |
|---|---|---|---|
| नवराज शाही स.इ | २४००० | ६६१२० | ८९२१९ |
| कर्ण बहादुर शाही स.इ | २४००० | ६६१२० | ८९२१९ |
| टेकराज बुढा स.इ | २४००० | ६६१२० | ८९२१९ |
| केशर बहादुर शाही असई | २४००० | ५५२०० | ७८४०८ |
| ऐन बहादुर शाही प्रशासन सहायक | २४००० | ५५२०० | ७८४०८ |
| केशव राज रेग्मी कम्प्युटर सहायक | २४००० | ५५२०० | ७८४०८ |
| गोपाल पुन कम्प्युटर सहायक | २४००० | ५५२०० | ७८४०८ |
| छत्र बहादुर हमाल सा.प | २४००० | ५५२०० | ७८४०८ |
| नन्द बहादुर रावल का.स | २४००० | ४२६०० | ६५९३४ |
| नर बहादुर बुढा का.स | १४००० | २४८५० | ३८४६१ |
| भीम बहादुर शाही का.स | २४००० | ४२६०० | ६५९३४ |
| प्रज्वल शर्मा का.स | २४००० | ४२६०० | ६५९३४ |
| खिमे खत्री का.स | २४००० | ४२६०० | ६५९३४ |
| कृष्ण बहादुर थापा का.स | २४००० | ४२६०० | ६५९३४ |
| दिपा कुमारी अनमी | २४००० | ४२६०० | ६५९३४ |
| जम्मा | ३५०००० | ७५४८१० | १०९३७६२ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,९३,७६२ |

६० **दरबन्दी वेगरका करारका कर्मचारीः**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८३(१) मा गाउँपालिकाले आफ्नो कार्य बोझ, राजश्व खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा गाउँपलिकामा विषयगत शाखा वा महाशाखा रहेको सङ्गठन संरचना कायम गर्नुपर्ने व्यवस्था छ।उपदफा (२) मा उपदफा १ बमोजिमको सङ्गठन संरचनामा हरेक वडाको सङ्गठन संरचना समेत समावेस भएको हुनुपर्ने, उपदफा ४ मा उपदफा ३ बमोजिम कर्मचारीको दरवन्दीको प्रस्ताव तयार गर्दा स्थायी कर्मचारीको लागी चाहिने तलब भत्ता, संचयकोष कट्टी रकम योगदानमा आधारित उपदान वा निवृत्तभरण,औषधी उपचार सम्बन्धित विदा जस्ता सेवा सुविधाको लागी लाग्ने खर्च व्यहोर्ने स्रोत समेतको विश्लेषण गरी त्यस्तो खर्च सूनिश्चित हुने गरी मात्र दरबन्दी प्रस्ताव गर्नुपर्ने, उपदफा १० मा यस दफा बमोजिम तयार गरेको संङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सभाबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ।पालिकाले ऐनको दफा ८३ को उपदफा १,२,४ बमोजिमको कार्य गरी उपदफा १० बमोजिम सङ्गगठन तथा व्यवसथापन सर्वेक्षण सभाबाट स्वीकृत गराएको देखिएन। पालिकाले साविकको दरबन्दीको आधारमा कार्य संचालन गरेको पाइयो।यस वर्ष पालिकाले स्वीकृत दरबन्दी भन्दा बाहिरका विभिन्न १२ पदका २६ जना कर्मचारीलाई वार्षिक रु.९२११९५२ तलव भत्ता वापत भुक्तानी गरेको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ९२,११,१५२ |

६१ **करारका कर्मचारीलाई सुविधाः**

सामान्य प्रशासन मन्त्रालयको मिति २०७४/१/२५ को परिपत्र अनुसार स्वीकृत दरबन्दीमा करारमा रहेका व्यक्तिलाई मात्र चाडपर्व र पोशात्क सुविधा उपलब्ध गराउने उल्लेख छ। पालिकाले दरबन्दी भन्दा बाहिरको पदमा करारमा कर्मचारी भर्ना गरी निम्न व्यक्तिलाई चाडपर्व र पोशाक सुविधा गरेकोले परिपत्र विपरित भएको उक्त रकम असुल गर्नुपर्ने

| सि.नं. | कर्मचारीको नाम थर | पद | चाडपर्व खर्च | पोषाक भत्ता | सा.सु कर कट्टी गरी भुक्तानी चाडपर्व र पोषाक खर्च |
|---|---|---|---|---|---|
| १ | अमृत प्रसाद शर्मा | स्रोत व्यक्ति | ३७९९० | १०००० | ४७५१० |
| २ | नवराज शाही | सव ईन्जिनीयर | ३४७३० | १०००० | ४४२८३ |
| ३ | छत्र बहादुर हमाल | सामाजिक सहजकर्ता | ३२९०२ | १०००० | ४२४७३ |
| ४ | टेकराज बि.सि. | सव ईन्जिनीयर | ३४७३० | १०००० | ४४२८३ |
| ५ | डिल बहादुर पुन | वडा सहजकर्ता | २०००० | १०००० | २९७०० |
| ६ | पदम बहादुर थापा | सामाजिक परिचालक | ३२९०२ | १०००० | ४२४७३ |
| ७ | लिलन रेग्मी | ना.प.स्वा.प्रा. | ३२९०२ | १०००० | ४२४७३ |
| ८ | दिपा कुमारी बुढा | अ.न.मी. | २७६१० | १०००० | ३७२३४ |
| ९ | सर्मिला गिरी | अ.न.मी. | २६६१० | १०००० | ३६२४४ |
| १० | स्वीकृति गिरी | अ.न.मी. | २६६१० | १०००० | ३६२४४ |
| ११ | कमला कुमारी शाही | अ.न.मी. | ३२९०२ | १०००० | ४२४७३ |
| १२ | कमला कुमारी के.सि. | स्वास्थ्य प्रर्बद्धक | २७६१० | १०००० | ३७२३४ |
| १३ | विष्णु कुमारी महतारा | अ.न.मी. | २७६१० | १०००० | ३७२३४ |
| १४ | समिक्षा महतारा | अ.न.मी. | २७६१० | १०००० | ३७२३४ |
| १५ | सुजाता थापा | अ.न.मी. | २७६१० | १०००० | ३७२३४ |
| १६ | विमला गुरुङ्ग | अ.न.मी. | २७६१० | १०००० | ३७२३४ |
| १७ | अमृता कुमारी बस्नेत बुढा | अ.हे.व. | २७६१० | १०००० | ३७२३४ |

| | | | | | |
|---|---|---|---|---|---|
| १८ | मान बहादुर राना | अ.हे.व. | २७६१० | १०००० | ३७२३४ |
| १९ | तेज बहादुर बस्नेत | अ.हे.व. | २७६१० | १०००० | ३७२३४ |
| २० | गोरख बहादुर बुढा | अ.हे.व. | २७६१० | १०००० | ३७२३४ |
| २१ | महेन्द्र शाही | अ.हे.व. | २७६१० | १०००० | ३७२३४ |
| २२ | मालती कुमारी सिंह शाही | सहकारी प्रर्वद्धक | ३२९०२ | १०००० | ४२४७४ |
| २३ | जनक शाही | कार्यक्रम सहजकर्ता | ३२९०२ | १०००० | ४२४७३ |
| २४ | योगेन्द्र वि.सी. | कम्प्युटर सहायक | २०००० | १०००० | २९७०० |
| २५ | दिनेश वस्नेत | खेलकुद शिक्षक | ३२९०२ | १०००० | ४२४७३ |
| २६ | रामचन्द्र सिंह ठकुरी | अमिन | ३२९०२ | १०००० | ४२४७३ |
| २७ | मदन सिंह ठकुरी | हलुका सवारी चालक | २७६१२ | १०००० | ३७२३६ |
| २८ | सुरेन्द्र विक्रम शाही | ब्याक हो लोडर अपरेटर | २९७२८ | १०००० | ३९३३१ |
| २९ | नन्द बहादुर रावत | कार्यालय सहयोगी | २४७०२ | १०००० | ३४३५५ |
| ३० | भिम बहादुर शाही 'ए' | कार्यालय सहयोगी | २४७०२ | १०००० | ३४३५५ |
| ३१ | प्रज्वल शर्मा | कार्यालय सहयोगी | २४७०२ | १०००० | ३४३५५ |
| ३२ | कृष्ण बहादुर थापा | कार्यालय सहयोगी | २४७०२ | १०००० | ३४३५५ |
| ३३ | खिमे खत्री | कार्यालय सहयोगी | २४७०२ | १०००० | ३४३५५ |
| ३४ | चक्र बहादुर राना | कार्यालय सहयोगी | २०००० | १०००० | २९७०० |
| ३५ | बीर बहादुर बस्नेत | कार्यालय सहयोगी | २०००० | १०००० | २९७०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३६ | चन्द्र बहादुर बुढा | कार्यालय सहयोगी | २०००० | १०००० | २९७०० |
| ३७ | रमेश रेग्मी | कार्यालय सहयोगी | २०००० | १०००० | २९७०० |
| ३८ | दान बहादुर शाही | कार्यालय सहयोगी | २०००० | १०००० | २९७०० |
| ३९ | गोपाल शाही | कार्यालय सहयोगी | २०००० | १०००० | २९७०० |
| ४० | प्रेम बहादुर वली | कार्यालय सहयोगी | २०००० | १०००० | २९७०० |
| ४१ | उमेश बहादुर बुढा | कार्यालय सहयोगी | २०००० | १०००० | २९७०० |
| ४२ | मान बहादुर नेगि | कार्यालय सहयोगी | २०००० | १०००० | २९७०० |
| ४३ | सरस्वती बुढा | कार्यालय सहयोगी | २०००० | १०००० | २९७०० |
| ४४ | रण बहादुर शाही | कार्यालय सहयोगी | २०००० | १०००० | २९७०० |
| ४५ | सिता कुमारी रेग्मी शाही | कार्यालय सहयोगी | २०००० | १०००० | २९७०० |
| ४६ | पुर्ण बहादुर शाही | कार्यालय सहयोगी | २०००० | १०००० | २९७०० |
| ४७ | कल्पना नाथ | कार्यालय सहयोगी | २०००० | १०००० | २९७०० |
| ४८ | नर बहादुर बुढा | कार्यालय सहयोगी | २४७०२ | १०००० | ३४३५५ |
| ४९ | भुवन शाही | कार्यालय सहयोगी | २०००० | १०००० | २९७०० |
| ५० | प्रकाश शाही | कार्यालय सहयोगी | २०००० | १०००० | २९७०० |
| ५१ | किशोर राना | कार्यालय सहयोगी | २०००० | १०००० | २९७०० |
| ५२ | कवि बहादुर बुढा | कार्यालय सहयोगी | २०००० | १०००० | २९७०० |
| ५३ | अनिता थापा बुढा | कार्यालय सहयोगी | २०००० | १०००० | २९७०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ५४ | सरु थारु | कार्यालय सहयोगी | | १०००० | २९७०० |
| | | | २०००० | | |
| ५५ | डिल बहादुर कठायत | कार्यालय सहयोगी | | १०००० | २९७०० |
| | | | २०००० | | |
| ५६ | प्रतिभा शाही खड्का | कार्यालय सहयोगी | | १०००० | २९७०० |
| | | | २०००० | | |
| ५७ | झिरकला जैंसी | कार्यालय सहयोगी | | १०००० | २४७५० |
| | | | १५००० | | |
| | | जम्मा | १४२८१४८ | ५७०००० | १९७८१७० |

| असुल गर्नुपर्ने | १९,७८,१७० |
|---|---|

६२ **जनप्रतिनिधिको नाममा पेश्की तथा भुक्तानीः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ।सोही अनुसार प्रमुख प्रशासकीय अधिकृतले मात्र बजेट खर्च गर्न सक्ने व्यवस्था रहेकोमा स्थानीय सरकार संचालन ऐन अनुसार स्थानीय तहका प्रमुखले प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेपश्चात पनि पालिका प्रमुख उपप्रमुख तथा वडाअध्यक्षको नाममा पेश्की दिएको तथा अन्य खर्च गरेको रकम शोधभर्ना समेत भुक्तानी गरेकोले उक्त खर्चलाई नियमसम्मत मान्न नसकिएको रु.

| **गौ.भौ.न।मिति** | **पदाधिकारीको नाम** | **विवरण** | **रकम** |
|---|---|---|---|
| २८।२०८०।६।३० | गिता शाही | इन्धन खर्च | ११०८२ |
| २९।२०८०।६।३० | शेरबहादुर शाही | इन्धन मर्मत | ३६६५० |
| ८१ ।२०८०।७।२१ | पालिका अध्यक्ष, उपाध्यक्ष र वडाध्यक्षलाई विपद व्यवस्थापनको खर्च | विपद व्यवस्थापनको खर्च | २५०००० |
| ८२४।२०८१।३।२४ | धनबहादुर बुढा | गाडीभाडा र खाना खर्च | ३०००० |
| जम्मा | | | ३२७६७३ |

| अनियमित भएको | ३,२७,६७३ |
|---|---|

६३ **ऐन विपरितको सेवा सुविधाः**

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२९** को निर्णयले रू **२४१,२७३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२९** को निर्णयले रू **१३०,२२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

६४ **खर्च शिर्षक फरकः**

महालेखा नियन्त्रक कार्यालयको एकीकृत आर्थिक सङकेत तथा वर्गीकरण र व्याख्या, २०७४ बमोजिम बिनियोजित बजेट सम्बन्धित खर्च शिर्षक अन्तर्गत रहि खर्च गर्नुपर्ने उल्लेख छ तर पालिकाले सो विपरित निम्न खर्चहरु फरक खर्च शिर्षकबाट खर्च लेखेको नियम

सम्मत नदेखिएको रु.

| गौ.भौ.न मिति | लेख्नुपर्ने शिर्षक | लेखेको शिर्षक | रकम |
|---|---|---|---|
| १५५।२०८०।९।०१ | पदाधिकारी सुविधा | पारिश्रमिक कर्मचारी | ९६०००० |
| २४५।२०८०।१०।५ | करार सेवा शुल्क | पारिश्रमिक कर्मचारी | १०९६५९५ |
| २४७।२०८०।१०।०५ | पदाधिकारी सुविधा | पारिश्रमिक कर्मचारी | ४८०००० |
| २६२।२०८०।९।१ | कार्यालय साम्रगी | पारिश्रमिक कर्मचारी | ५३५६४० |
| | जम्मा | | ३०७२२३५ |

| | |
|---|---|
| अनियमित भएको | ३०,७२,२३५ |

६५ **टि.भि खरिद सुविधाः**

५८९।२०८१।३।४ कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७७ को दफा १५(२) मा पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सेवा सुविधा पाउने छैनन भनी उल्लेख छ ।आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ को दफा २८(१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको जिन्सी मालासामान सात दिनभित्र यथास्थानमा दाखिला गरी खडा गर्नुपर्ने व्यवस्था छ।पालिकाले क्रियटीम आई सी सेन्टर एण्ड सप्लार्यसबाट रु. २७९००० को १ थान SAMUNG 75 इन्चको टि.भि खरिद गरेकोमा पालिकाको जिन्सी खातामा आम्दानी नबाँधेको र उक्त टि.भि उपाध्यक्षको निजी क्वाटरमा प्रयोग भएको छलफलमा जवाफ पाइयो । खरिद भएको उक्त टि.भि पालिकाको जिन्सी खातामा दाखिला गरेको प्रमाण पेस गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,७९,००० |

६६ **सवारी साधन नामसारी नभएकोः**

सवारी साधन खरिद गर्दा आवश्यक कागजात अद्यावधिक र नविकरण गरी नामसारी समेत गर्नुपर्दछ तर पालिकाले यस वर्ष खरिद गरेको निम्न मोटरसाइकल लेखापरीक्षण अवधिसम्म पनि पालिकाको नाममा नामसारी भएको नपाइएकोले नामसारी गरेको प्रमाण पेस गर्नुपर्ने रु.

| भौचर नम्बर मिति | विवरण | सप्लार्यस | रकम |
|---|---|---|---|
| ४९२।२०८१।१।९ | पल्सर १६० सि.सि Ebony Black Red Double | असिम अटो पार्टस | ३२६४३० |
| ५८९।२०८१।३।४ | पल्सर १५० सि.सि Ebony Black Red | असिम अटो पार्टस मर्मत | ३०७९३० |
| | जम्मा | | ६३४३६० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,३४,३६० |

६७ **बिल भरपाई पेस नभएकोः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ अनुसार सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च लेख्न वा भुक्तानी दिन आवस्यक विल भर्पाई र कागजात संलग्न भए वा नभएको जाँच गर्नु पर्ने उल्लेख छ तर पालिकाले निम्न अनुसार खर्च लेख्दा सक्कल विल भरपाई वेगर खर्च भुक्तानी गरेकोले विल भरपाई पेश गर्नुपर्ने रु.

गौ.भौ.न मिति कामको विवरण सप्लार्यसको भुक्तानी रकम

| गौ.भौ.न मिति | कामको विवरण | सप्लार्यसको भुक्तानी | रकम |
|---|---|---|---|
| ५५।२०८०।३।२० | ढिकालेजुङ्गा थापाचौर सडक निर्माण तथा रगशाला फिल्ड निर्माण वडा न. ७,३ | सुदर्शन निर्माण सेवा | ८४१२७१ |
| २९७।२०८०।१०।१३ | शिवालय धाम गुरु योजना निर्माण | सुगी कन्सल्टेन प्रा.लि | ४९४४८८ |
| | | | १३३५७५९ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,३५,७५९ |

६८ **स्थानीय भत्ताः**

अर्थमन्त्रालयको मिति २०७१/४/२ को परिपत्रानुसार २(ख) मा स्थानीय स्तरमा समितिद्धारा नियुक्ति भई सोही स्थानमा काम गर्ने कर्मचारीहरुले स्थानीय भत्ता नपाउने व्यवस्था भएको र स्थानीय स्तरमा नियुक्ति हुने कर्मचारी भन्नाले स्थानीय निकाय वा समितहरुले नियुक्ति गरी नेपाल सरकारबाट तलब सुविधा प्राप्त गर्ने कर्मचारीलाई बुझाउने उल्लेख छ।पालिकाले साविकमा जिल्ला विकास समिति बाट नियुक्ति भई संघीयता लागु भएपश्चात पालिकामा समायोजन भएका निम्न कर्मचारीहरुलाई स्थानीय भत्ता भुक्तानी गरेको पाइयो । परिपत्र विपरितको भत्ता भुक्तानी दिएकोले सो भत्ता पाउने आधार पेस गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| कर्मचारीको नाम पद | स्थानीय भत्ता वार्षिक |
|---|---|
| उदय बहादुर राना पाँचौ | ७१६३० |
| भद्र बहादुर शाही पाँचौ | ७१६३० |
| कृष्ण बहादुर शाही कार्यालय सहयोगी | ४६१५० |
| | १८९४१० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,८९,४१० |

६९ **मूल्य अभिवृद्धि कर कट्टी**

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ ग अनुसार मू.अ.कर रकमको ३० प्रतिशत रकम कट्टा गरी सम्बन्धीत राजस्व शीर्षकमा दाखिला गर्नुपर्ने र बाँकी ७० प्रतिशत रकम सम्बन्धीत फर्मलाई नै भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा ३० प्रतिशत रकम समेत रु ५६२४६ कट्टी गरी राजस्व शिर्षकमा दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखियो । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | भुक्तानी रकम | मुअकर कर रकम | ३० प्रतिशत रकम |
|---|---|---|---|---|---|
| १५४।२०८१।१।२३ | प्रज्ञा दृष्टी स्मार्ट एजुकेशन | ६०६८२००४८ | ३९८८९० | ४५८९० | १३७६७ |
| २९७।२०८१।३।२४ | स्वास्थ्य शाखाका पुस्तिका तथा फारमहरु छपाई | १०२५६३३६८ | ६१५३९८ | ९२३१० | २७६९३ |
| संघीय पुँजिगत ११।२०८०।११। १२ | दैलेखी उर्जा घर प्रा लि | ६०१३२२४०४ | ९९६६११ | ५३९११ | १६१७३ |
| १६।२०८१।१।९ | न्यू डिजि टेक नेपाल | ६११५७२०४८ | १२०००० | १३८०५ | ४१४१ |
| ३०।२०८१।३।२३ | एस विज्ञापन सेवा | ११५३९६५३९ | ७११९० | ८१९० | २४५७ |
| ३१।२०८१।३।२३ | कामना न्यूज पब्लिकेशन | ३०३४२७७३७ | १६१३६४ | १८५६४ | ५५६९ |
| जम्मा | | | | | ६९८०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६९,८०० |

७० **जाजरकोट प्रकोप व्यवस्थापन कोष**

भूकम्पबाट प्रभावित घरपरिवारलाई अस्थाई आवास निर्माण अनुदान कार्याविधि,२०८० अनुसार भूकम्पका कारण निजी आवास पूर्ण रुपले क्षति भएका तथा बसोबास गर्न योग्य नरहेका घरपरिवारलाई अस्थाई टहरा निर्माण गरिने व्यवस्था रहे बमोजिम, बारेकोट गापा को राम्चे केन्द्र विन्दु भएर २०८०।७।१७ मा गएको भूकम्पमा पूर्ण क्षति भएका तथा बसोबास गर्न योग्य नरहेका घरपरिवारलाई अस्थाई टहरा निर्माण गर्नको लागि जिल्ला प्रशासन कार्यालय जाजरकोटबाट प्रति परिवार २५००० को दरले सम्झौता अनुसार सम्पूर्ण कार्य सम्पन्न गरी ३३०९ जनाले पहिलो किस्ता वाट रु ८२७२५००० हुने गरी निकासा भएको तर पहिलो किस्ताबाट रकम माग गरेबमोजिम खर्च नभई ३२६० लाभग्राहीलाई मात्र भुक्तानी भएकोले दोस्रो किस्ता मध्ये ४९ जनालाई भुक्तानी दिन सकेको पाइएन।

| गोभौनं | मिति | वडा नं | विवरण | भुक्तानी रकम |
|---|---|---|---|---|
| २ | २०८०।०८।२९ | ९ | २८९ जना | ७२२५००० |
| ३ | २०८०।०८।२९ | २ | ३५१ | ८७७५००० |
| ४ | २०८०।०९।०३ | ८ | ३४९ | ८७२५००० |
| ५ | २०८०।०९।०३ | १ | ३७४ | ९३५०००० |
| ६ | २०८०।०९।०३ | ६ | ३३७ | ८४२५००० |
| ७ | २०८०।०९।०३ | ७ | ३७२ | ९३००००० |
| ८ | २०८०।०९।०३ | ५ | ३४३ | ८५७५००० |
| ९ | २०८०।०९।०३ | ४ | १०० | २५००००० |
| १० | २०८०।०९।०३ | ३ | ३५६ | ८९००००० |
| ११ | २०८०।०९।२६ | १-९ | २७६ | ६९००००० |
| १२ | २०८०।१२।०८ | १-९ | ६१ | १५२५००० |
| १३ | २०८०।१२।१९ | १-९ | ३ | ७५००००० |
| १४ | २०८०।०१।२१ | १-९ | ४९ | १२२५००० |
| जम्मा | | | | ८१५००००० |

७१ **शिक्षक दरवन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| बिधालय संङख्या | शिक्षक दरबन्दी | स्थायी पदपुर्ती | करार पदपुर्ती | बिधार्थी संङख्या |
|---|---|---|---|---|
| ४० | १४२ | ८३ | ५९ | ५७४३ |

यस सम्बन्धमा निम्नानुसार देखिएको छ ।

• ४० विद्यालयमा १४२ दरबन्दी रहेकोमा ५९ जना करारमा शिक्षक रहेको देखिन्छ । दरबन्दी अनुसारको स्थायी शिक्षक पदपुर्ती हुनुपर्दछ ।

• विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएको विधालय बाट कम भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एंव न्युन विद्यार्थी भएका विद्यालयहरु सम्भाव्यताका आधारमा मर्ज गर्नुपर्दछ ।

७२ **खर्चको आधार पेश नभएको**

आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावलीको नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भरपाई प्रमाण र कागजात संग्लन हुनुपर्ने व्यवस्था छ। पालिकाले तपशिलका भौचर नं र मितिबाट विभिन्न विद्यालयलाई अनुदान उपलव्ध गराएकोमा खर्चको प्रमाण पेश नभएकोले उक्त अनुदानको उचित प्रयोग भयो भएन भन्नेमा विश्वस्त हुने आधार देखिएन।उक्त खर्चको प्रमाण पेश गर्नुपर्ने रकम रु

| गो भौ नं।मिति | विवरण | अनुदान पाउने | रकम |
|---|---|---|---|
| ७८।२०८०।१०।२५ | विज्ञान प्रयोगशाला संचालन | खड्गदेवी माद्यामिक विद्यालय | ६५०००० |
| ८१।२०८०।१०।२५ | CTEVT को मापदण्ड वमोजिम प्राविधिक शिक्षा संचालन | राष्ट्रिय माध्यामिक विद्यालय | ७००००० |
| २८८।२०८१।३।२३ | शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | चन्द्र दिपक माध्यामिक विद्यालय | ६५०००० |
| ३००।२०८१।३।२४ | शैक्षिक पहुँच सुनिश्चितता कार्यक्रम | विहानी सामुदायिक सकाई केन्द्र र नवजिवन सामुदायिक सिकाई केन्द्र | २७१००० |
| जम्मा | | | २२७१००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २२,७१,००० |

७३ **मोवाइल र ट्र्याक सुट खरिद**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २४ को उपदफा (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने गरी र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नुपर्ने उल्लेख छ। पालिकाले तपशिल वमोजिमका गौ.भौ.न बाट अस्वभाविक मूल्यका मोवाइल तथा ट्र्याक सुट खरिद गरी कर्मचारीलाई वितरण गरेको पाइयो।पालिकाको आन्तरिक श्रोत र न्यून रहेको अवस्थामा यसरी महंगा सामान खरिद गरी वितरण गर्नु उचित र मनाशिव पनि देखिदैन।यस्ता प्रकृतिका खर्चले पालिकामाथि थप व्ययभार पर्ने देखिन्छ।यस्ता खर्चमा पालिकाले नियन्त्रण गर्नुपर्दछ।

| **गो भौ नं।मिति** | **सामानको विवरण** | **प्रयोग भएको शाखा** | **रकम** |
|---|---|---|---|
| २८१।२०८१।३।१८ | मोवाइद्य खरिद इनोभेटिभ मिडिया एण्ड मल्टिपल विजनेश | सूचना प्रविधि शाखा | ८७२९२ |
| ८३।२०८०।११।६<br>शसर्त चालु | ट्र्याक सुट खरिद ३ सेट (केल्मे ब्राण्डको १८००० सम्मको १ सेट र २ सेट रु ८००० का दरले) राजु कलेक्सन | शिक्षा शाखा | ३४००० |
| जम्मा | | | १२१२९२ |

७४ **जिन्सी दाखिला नभएको**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई कागजात तथा प्रमाण संलग्न राखी खर्च लेख्नुपर्ने उल्लेख छ।साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२

अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले भौचर नं ८७।२०८०।११।८ मा कोभिड १९ बाट पुगेको शैक्षिक क्षतिको परिपुरण तथा अन्य विपदको समयमा शैक्षिक निरन्तरता कार्यक्रम अन्तर्गत रियल प्लान प्रश्नपत्र छपाई गरी अस्मिता पेपर प्रिन्ट अर्डर सप्लायर्सलाई रु ७४७४९ भुक्तानी गरेको देखियो।प्रश्नपत्र जिन्सी दाखिला भई शिक्षा शाखामा मौजुदा रहेको पाइयो।यसरी सामान खरिद गरेपछि उचित प्रयोग हुनुपर्नेमा सो भएको पाईएन साथै उक्त शैक्षिक सामाग्री प्रयोगमै नआउने गरी खरिद भएकोले अनियमित भएको रु

| | |
|---|---|
| अनियमित भएको | ७४,७४९ |

७५ **कर कट्टी वेगर भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने मा गो.भौ.नं २।२०८०।०९।१६ मा स्वास्थ्य स्वयसेविका प्रोत्साहन वापत २९ जनालाई १०००० का दरले रु २९०००० कर कट्टी १ प्रतिशतले गर्नुपर्नेमा नगरी भक्तानी दिएको हुँदा रु २९०० असुल गर्नुपर्ने

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,९०० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : सिवालय गाउँपालिका, जाजरकोट , शिवालय गाउँपालिका , जाजरकोट

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | रामु ज्ञवाली | २०८०-१२-१३ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | विस बहादुर बुढा | २०७६-११-१६ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ४,०३०,८५४.४ | १३,६७९,५९१ | १३,१५७,७०४ | ० | ० | ४,२०८,१५० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ३५,०७६,२९९.४ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | १,५३५,५७९.५ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ३३,५४०,७१९.९ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | १५९०८११९.८१ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २६८४५०००० | चालु खर्च | ०.० |
| प्रदेश सरकारबाट अनुदान | ७६६७१००० | पूँजीगत खर्च | १८७११०६२५ |
| राजश्व बाँडफाँट | ६७४४२५६९.३६ | वित्तीय/अन्य व्यवस्था | ३९०४३१२८२.४८ |
| आन्तरिक आय | ३१३६८८३.१४ | | |
| अन्य आय | १७९६५२७३३.४८ | | |
| कुल आय | ५९५३५३१८५.९८ | कुल खर्च | ५७७५४१९०७.४८ |
| बाँकी मौज्दात | | ३३७१९३९८.३१ | |

## बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| गत वर्षको जिम्मेवारी | | | १ | चालु खर्च | २७०३८६६११ | |
| क. नगद | | | २ | पूँजीगत खर्च | ८७३९३७८१ | |
| ख. बैंक | १,५९,०८,११९.८१ | | ३ | वित्तीय व्यवस्थाभुक्तानी | 0 | |
| राजस्व (आन्तरिक आय) | | | | क. ऋण भुक्तानी | 0 | |
| क. आन्तरिक राजस्व | १०९७८५६.८९ | | | ख. ब्याज भुक्तानी | 0 | |
| क१ आन्तरिक राजश्व अल्या | २०३९०२६.२५ | | | | 0 | |
| ख. राजस्व बाँडफाँड | ६७२४२१३४.९० | | | ग. अन्य भुक्तानी | 0 | |
| ग प्रदेश राजश्व वाँडफाँड | २००४३४.४६ | | | | 0 | |
| ग. अन्य आय(पर्यटन पूर्वाधार सोधभर्ना आम्दानी ) | 0 | | ४ | लगानी | 0 | |
| वित्तीय हस्तान्तरण संघ | | | | ऋण लगानी | 0 | |
| क. वित्तीय समानीकरण अनुदान | ६८८२०००० | | | शेयर लगानी | 0 | |
| ख. सशर्त अनुदान | १८९६३०००० | | | अन्य लगानी | 0 | |
| ग. समपूरक अनुदान | 0 | | ५ | धरौटी फिर्ता | ४६३४८ | |
| घ. विशेष अनुदान | १००००००० | | ६ | जनश्रमदान फिर्ता | 0 | |
| प्रदेश सरकारबाट प्राप्त अनुदान | | | ७ | कोष फिर्ता | | |
| क. वित्तीय समानीकरण अनुदान | ७७२६००० | | ८ | मौज्दात | | |
| ख. सशर्त अनुदान | ४३४४५००० | | | क. बैंक मौज्दात | ३३७१९३९८.३१ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ग. समपुरक अनुदान | १९५०००००० | | | ख. नगद मौज्दात | 0 | |
| घ. विशेष अनुदान | ६००००००० | | ९ | शसर्त अनुदान फिर्ता | | |
| ङ. विविध खर्च खाता | ११८९८६७२.४८ | | | शसर्त चालु फिर्ता | १८०५९७४० | |
| च.प्रकोप व्यवस्थापन कोष | ८२७२५००० | | | शसर्त पूँजिगत फिर्ता | १६६६७०७ | |
| च.क. प्रकोप व्यवस्थापन कोष अल्या | २९१४९२ | | | प्रदेश शसर्त चालु फिर्ता | २३७९००० | |
| प्रदेश(IPFMS) | | | | प्रदेश शसर्त पूँजिगत फिर्ता | ८१५७६९३ | |
| सामाजिक विकास मन्त्रालय | १५००००० | | | प्रदेश समपुरक फिर्ता | ९८४५६४२ | |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | ४७८८०० | | १० | संघ(IPFMS) | | |
| एकिकृत स्वास्थ्य व्यवस्थापन कार्यक्रम | २१४१३५ | | | सामाजिक सुरक्षा भत्ता कार्यक्रम | ५७२११८१० | |
| संघ(IPFMS) | | | | एकिकृत स्वास्थ्य पूर्वाधार व्यवस्थापन कार्यक्रम | १६५०२७०९ | |
| सामाजिक सुरक्षा भत्ता कार्यक्रम | ५७२११८१० | | | | | |
| एकिकृत स्वास्थ्य पूर्वाधार व्यवस्थापन कार्यक्रम | १६५०२७०९ | | | | | |
| अन्तर स्थानीय तहबाट प्राप्त | 0 | | ११ | गत बर्षको बढी अल्या | 0 | |
| अन्य | 0 | | १२ | जनश्रमदान मौज्दात | 0 | |
| क. क्षेत्रीय शहरी विकास योजना | 0 | | १३ | धरौट मौज्दात | ८७८३७६७ | |
| ख. सडक बोर्ड नेपाल | 0 | | १४ | कोष खाताको मौज्दात र खर्च | | |
| ग. पर्यटन बोर्ड नेपाल | 0 | | | विविध खर्च खाता खर्च | ३२८९६४६ | |
| घ. एन एन एस डब्लु ए | 0 | | | विविध खर्च खाताको मौज्दात | ८६०९०२६.४८ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| जनसहभागिता (नगद) | 0 | | | प्रकोप व्यवस्थापन कोष खर्च | ८१५००००० | |
| विषयगत निकायबाट प्राप्त | 0 | | | प्रकोप व्यवस्थापन कोष मौज्दात | १५१६४९२ | |
| धरौटी आय | ८८३०११५.00 | | | | | |
| लगानीको साँवा फिर्ता | 0 | | १५ | प्रदेश(IPFMS) | | |
| अन्तरसरकारी वित्त हस्तान्तरण | 0 | | | सामाजिक विकास मन्त्रालय | १५००००० | |
| | | | | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ४७८८०० | |
| | | | | एकिकृत स्वास्थ्य व्यवस्थापन कार्यक्रम | २१४१३५ | |
| जम्मा | ६११२६१३०५.८ | | | जम्मा | ६११२६१३०५.८ | |

# सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- भौतिक संरचना निर्माण गर्दा गुणस्तर आश्वस्तता योजनामा तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा दर्शाइएका सुझावहरु कार्यान्वयन हुनु पर्दछ ।

- पालिकामा निर्माणाधीन भौतिक संरचनाहरु समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।